मितिः २०७५/०६/०९

# प्रेस विज्ञप्ती

Diploma Engineers Association, Nepal (DEAN), Colombo Plan Staff College (CPSC), Manila, र Council for Technical Education and Vocational Training (CTEVT) को आयोजना एवं नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र SAARC Diploma Engineers Forum (SDEF) को सहकार्यमा आगामी असोज १८ र १९ गते (तदनुसार २०१८ अक्टोबर ४-५) गते काठमाण्डौंको होटल याक एण्ड यतीमा "Innovations in TVET for Socio-Economic Development" विषयक २ दिने **International Conference** आयोजना हुँदैछ ।

**Conference** ले Technical Vocational Education & Training (TVET) क्षेत्रमा भइरहेका गतिविधिका बारेमा छलफल गर्नुका साथै यस क्षेत्रका उत्कृष्ट उपलब्धिको अबलम्बन, सफल Model हरुको आदान प्रदान गर्ने विश्वास गरिएको छ । यसले अन्तराष्ट्रिय क्षेत्रमा TVET को माध्यमबाट भइरेको Socio Economic Development का बारेमा जानकारी गराउने तथा एक आपसमा सहयोग र ज्ञानको आदान प्रदान हुनेछ । यसले राष्ट्रिय, क्षेत्रिय मात्र नभई अन्तराष्ट्रिय क्षेत्रमा नेपालको प्रतिनिधित्व कायम गर्दै गुणस्तरीय विकासका लागि सम्बन्ध विस्तार हुनेछ ।

यस International conference ले दक्ष प्राविधिक जनशक्ति उत्पादन, विकास र विकास निर्माणको शैली प्रति जागरुकता फैलाउनुको साथै सकारात्मक प्रतिस्पर्धा सिर्जना गराई नेपाल सरकारले लिएको **समृद्ध नेपाल र सुखी नेपाली** भन्ने नारालाई साकार पार्न सहयोग पुर्‍याउने र आगामी ५ वर्ष भित्र गुणस्तरीय ५ लाख जनशक्ति उत्पादन गर्ने नेपाल सरकारको लक्ष्यलाई पनि योगदान गर्न सक्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

यस International Conference मा २० मुलुकका ५० जना विज्ञ र सहभागी सहित ५०० जनाको सहभागीता रहनेछ र सोही अनुसारको तयारी पूरा भएको छ । प्राविधिक तथा व्यवसायीक शिक्षा क्षेत्रको प्रतिनिधित्व रहने उक्त Conference मा Technical Vocational Education & Training विषयमा २० देशको अनुभव आदान प्रदान सहित २५ वटा कार्यपत्र प्रस्तुत, छलफल Panel Discussion मार्फत प्राप्त निचोडहरु समेटी घोषणा पत्र जारी गरेर International Conference सम्पन्न गरिने छ ।

**International conference तयारीको सन्दर्भमा हाल सम्म भएका प्रगतिहरु संक्षेपमा निम्नानुसार रहेको छ ।**

१. **Conference** को समुद्घाटन सम्माननीय कार्यबाहक प्रधानमन्त्री श्री इश्वर पोखरेलज्यूबाट हुने र समापन माननीय परराष्ट्र मन्त्री श्री प्रदिप ज्ञवालीज्यूबाट हुने निश्चय भएको ।

२. **Conference** मा ५ वटा सेसनमा २५ वटा कार्यपत्रहरु प्रस्तुत हुने गरि तयारी भएको ।

३. **Conference** संचालनको लागि स्थान लगायत सबै व्यवस्थापन भइ सकेको ।

४. **Conference** स्थलमा १० वटा स्टल मार्फत इन्जिनियरिङ्ग तथा निर्माण क्षेत्रका गतिविधिहरु जानकारी गराउने व्यवस्था गरिएको ।

५. **ILO**, **UNDP**, नेपाल निर्माण व्यवसायी महासंघ, फोरम फर हेल्थ एण्ड टेक्नीकल साइन्स यस **Conference** मा **Supporter** को रुपमा रहेको ।

६. पशुपति आइरन एण्ड स्टील प्रा.लि र मानश्री ट्रेडिङ्ग इन्टरप्राइजेज प्रा.लि भोल्भोद्वारा **Conference** सफल पार्न मुख्य प्रायोजन रहेको । र अन्य धेरै संघ/संस्थाहरुबाट समेत सहयोग प्राप्त भइरहेको छ ।

७. स्मारिका प्रकाशनको लागि तयारी अवस्थामा रहेको ।

| | |
|---|---|
| ................. | .......................... |
| जीवन घिमिरे | कामेश्वर प्रसाद सिंह |
| महासचिव, डिन | अध्यक्ष, डिन |
| सचिव | अध्यक्ष |
| **Conference** आयोजक समिति | **Conference** आयोजक समिति |